नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- ४५०

मितिः-२०८१/०३/२१

ने.सं.११४४ तछलागा १४

विषयः- रोजगार संयोजकको कार्यसम्पादन मूल्याङ्कन तथा सम्झौता सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. pmep/ ६१७ मिति २०८१/०३/२१ को रोजगार संयोजकको कार्यसम्पादन मूल्याङ्कन तथा सम्झौता सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# प्रधानमन्त्री रोजगार कार्यक्रम

सिहंदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. :- ४- २०८०/०८१
च. नं./pmep/ ६९६

मितिः २०८१।०३।२१

श्री गाउँपालिका/नगर कार्यपालिकाको कार्यालय (७५३ सबै)
मार्फतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

विषय :- रोजगार संयोजकको कार्यसम्पादन मूल्याङ्कन तथा सम्झौता सम्बन्धमा।

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम प्रत्येक आर्थिक वर्षको असाढमसान्त भित्र ताहाँ पालिकामा कार्यरत रोजगार संयोजकको कार्यसम्पादन मूल्याङ्कन तथा सम्झौता गरिसक्नु पर्ने भएकोले निर्देशिकाको परिच्छेद ९ को दफा ४८ को उपदफा (३) बमोजिम आ.ब. २०८०/०८१ को कार्यसम्पादन मूल्याङ्कन गरी सोको विवरण यस कार्यक्रमको रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा उपलब्ध गराइ दिनुहुनका साथै सोही निर्देशिकाको दफा ४८ को उपदफा (२) बमोजिम आ.ब. २०८१/०८२ का लागि करार सम्झौता गरी कामकाजमा लगाउन हुन मिति २०८१।०३।२१ गतेको निर्णयानुसार अनुरोध छ ।

वोधार्थः-

श्री रोजगार संयोजक
श्री गाउँपालिका /नगर कार्यपालिकाको कार्यालय (७५३ सबै)

..........................
पंकज लाभ कर्ण
शाखा अधिकृत

४७. **रोजगार सम्वाद मञ्च:** (१) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं ढाँचा तथा विधिहरुको विकास गर्न र रोजगार नीति र कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिन मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहले निजी, सहकारी तथा गैरसरकारी क्षेत्र र नागरिक समाज एवम् सञ्चार जगत समेतको सहभागितामा रोजगार सम्वाद मञ्चहरु गठन गर्न सक्नेछन् ।

(२) तीनै तहका रोजगार सम्वाद मञ्चको सञ्चालन कार्यविधि मन्त्रालयले निर्धारण गरी सम्बन्धित सरकारका तहमा पठाउने छ ।

(३) स्वीकृत कार्यविधि बमोजिम रोजगार सम्वाद मञ्चहरुको आयोजना गर्ने दायित्व सम्बन्धित तहका सरकारको हुनेछ ।

## परिच्छेद ९
## मानव संसाधन व्यवस्थापन

४८. **रोजगार संयोजकसम्बन्धी व्यवस्था:** (१) यो कार्यक्रम सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा एक रोजगार संयोजक करारमा राखिनेछ । रोजगार संयोजक करारमा राख्दा निजसँग अनुसूची ८ बमोजिमको करार सम्झौता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम करारमा राखिएको रोजगार संयोजकलाई सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ९ बमोजिम कार्यसम्पादन सम्झौता गरी काममा लगाउनु पर्नेछ ।

(३) रोजगार संयोजकको कामको बार्षिक मूल्याङ्कन गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीले स्वीकृत बार्षिक कार्ययोजनामा आधारित भई अनुसूची (१०) को ढाँचाको अतिरिक्त मन्त्रालयले उपलब्ध गराउने थप मापनयोग्य सूचकको आधारमा समग्र मूल्याङ्कन गर्नुपर्नेछ । रोजगार संयोजकको मूल्याङ्कनमा निजको कार्यसम्पादन सन्तोषजनक रहेमा र मन्त्रालयको पूर्व सहमतीको आधारमा प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्र म्याद थप गरी पुनः काममा लगाउनु पर्नेछ ।

तर, तोकिएको न्यूनतम अंक प्राप्त गर्न नसक्ने वा मन्त्रालयको निर्देशन विपरित म्याद थप गरी काममा लगाउने पदाधिकारीबाट रोजगार संयोजकले पाएको तलब, भत्ता र अन्य सुविधा सरकारी बाँकी सरह असुल उपर गरिनेछ र निज रोजगार संयोजकलाई जिम्मेवारीबाट हटाउन सकिनेछ ।[३]

३क. प्रधानमन्त्री रोजगार कार्यक्रम र रोजगारसँग सम्बद्ध अन्य विषयको प्रगति मन्त्रालयको रोजगार व्यवस्थापन सूचना प्रणाली र वित्तीय प्रगतिको सम्बन्धमा SuTRA

---

[३] दोस्रो संशोधनबाट संशोधित